लालबन्दी–बर्दिबास सडक खण्डको जंगल क्षेत्रमा एनसेलको सेवा विस्तार

काठमाडौं (अस) । पूर्वपश्चिम राजमार्गको लालबन्दी-बर्दिबास सडक खण्डको जंगल क्षेत्रमा एनसेलको मोबाइल नेटवर्क आउने व्यवस्था गरिएको छ । एनसेलले यात्रु सुरक्षाका हिसाबले संवेदनशील यो खण्डको ८ किलोमिटर क्षेत्रमा निर्बाध रूपमा दूरसञ्चार सेवा लिन सकिने बनाएको छ ।

Ncell

'दैनिक रूपमा हजारौं यात्रुहरू पूर्वपश्चिम राजमार्गको यो जंगल हुँदै देशको पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्वतर्फ यात्रा गर्ने गर्दछन्, तर यो खण्डमा मोबाइल नेटवर्कको कभरेज थिएन । साधारणतया राजमार्ग तथा वन क्षेत्रमा विद्युत् आपूर्ति र टावर व्यस्थापनको समस्याले नेटवर्क नआउने र फोन नलाग्ने समस्या रहन्छ,' एनसेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'एनसेलले सेवा उपलब्ध गराएसँगै यात्रुहरू तथा वरपरका स्थानीयहरू सहज सञ्चारबाट लाभान्वित भएका छन् ।' नेटवर्क नलाग्ने समस्या हटेको हुनाले जंगलको बाटोबाट यात्रा गर्दा अब सुरक्षित महसुस भएको यात्रुहरूको प्रतिक्रिया छ ।

पूर्वपश्चिम राजमार्गको जंगल क्षेत्रमा मोबाइल नेटवर्क पुऱ्याउन थप स्थानहरूमा टावर सञ्चालनका लागि सम्भाव्यता अध्ययन भइरहेको एनसेलले जनाएको छ । वन क्षेत्रमा नयाँ टावर राख्न विभिन्न कारणले तत्काल सम्भव नभएकाले एनसेलले गढन्ता र लक्ष्मनिया साझेदारी वन परिसरका निश्चित स्थानमा नयाँ प्रविधिको 'लिन नेटवर्क सोलुसन'को प्रयोगमार्फत सेवा उपलब्ध गराएको हो ।

नबिल बैंकद्वारा अविमोच्य असञ्चिति अग्राधिकार शेयर बाँडफाँट

काठमाडौं (अस) । नबिल बैंक लिमिटेडले पाँच अर्ब रुपैयाँ बराबरको 'नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार शेयर' बाँडफाँट गरेको छ। प्रतिकित्ता १०० रुपैयाँ अंकितका दरले पाँच करोड कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयर बाँडफाँट सम्पन्न भएको बैंकले जनाएको छ ।

नेपाल धितोपत्र बोर्डको स्वीकृतिपछि बैंकले पुस १ गते अग्राधिकार शेयरको अन्तिम बाँडफाट गरेको हो । संस्थागत लगानीकर्ताहरुलाई परिपत्र विधि (व्यक्तिगत तवर)बाट प्रस्ताव आह्वान गरी प्राप्त आवेदन बमोजिम अग्राधिकार शेयर बाँडफाँट गरिएको हो ।

नेपाल राष्ट्र बैंक तथा नेपाल धितोपत्र बोर्डले अविमोच्य असञ्चिति अग्राधिकार शेयरसम्बन्धी नीतिगत व्यवस्था गरेपश्चात् यस किसिमको अग्राधिकार शेयर जारी गर्ने स्वीकृति नेपाल धितोपत्र बोर्डबाट पहिलोपटक नबिल बैंकले प्राप्त गरेको हो । अविमोच्य असञ्चिति अग्राधिकार शेयर निश्चित भुक्तानी अवधि नतोकिएको तर बैंकले वितरणयोग्य मुनाफा आर्जन गरेको वर्षमा निश्चित लाभांश पाउने विशेषता भएको पूँजीबजार उपकरण हो ।

यस उपकरण जारी गरेपश्चात् अतिरिक्त प्राथमिक पूँजीका माध्यमबाट पूँजीगत आधार बलियो भई बैंकको जोखिम भार क्षमता बढ्ने र व्यवसाय विस्तारमा थप सहयोग पुग्ने विश्वास लिएको छ ।

निर्वाचनसम्बन्धी ७० प्रतिशत काम सम्पन्न : आयोग

काठमाडौं । निर्वाचन आयोग नेपालका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनसम्बन्धी ७० प्रतिशत काम सम्पन्न भएको बताएका छन् । बुधवार निर्वाचन आयोगले आयोजना गरेको निर्वाचन केन्द्रित सरकारका मन्त्रीसहितको छलफलमा उनले तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्नका लागि आयोग निर्वाचन घोषणा भएदेखि नै दृढ अठोटका साथ लागेको र अब पनि दृढ अठोटका साथ लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले भने, 'राष्ट्रपतिबाट निर्वाचन घोषणा भएको दिनदेखि नै आयोगले शून्यबाट उठेर काम शुरू गरेकोमा हालसम्म करीब ७० प्रतिशत काम भएको छ । निर्वाचनको वातावरण बनिरहेको छ । निश्चित प्रक्रिया पूरा गरेर निर्वाचन सम्पन्न गर्नुको विकल्प छैन । त्यसमा हामी लागिरहेका छौं ।'

उनले निर्वाचनको लागि संविधान, ऐन/कानून पुरानो भएको र प्रविधि र केही पद्धति परिवर्तन गर्नुपर्छ भन्ने सन्दर्भ आएको उल्लेख गर्दै विभिन्न माग राख्दै हरेक दिन दुई/चारओटा ज्ञापनपत्र आउने गरेको सुनाए । कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले निर्वाचन आयोगसँग मात्रै सम्बन्धित ऐन/कानून, नियमलाई संशोधनमार्फत सहज बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा खर्चको नियन्त्रणसम्बन्धी सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राखेको जिज्ञासामा भण्डारीले मितव्ययी ढंगले खर्च गर्न आयोग सचेत रहेको बताए । उनले भने, 'नागरिक सरकारले खर्च नियन्त्रण गर्न अघि सारेका सवालमा आयोग तयार छ, सरकारी कोषबाट हुने खर्च हामीले अत्यन्त मितव्ययी ढंगले गर्छौं, यसअघि २०७९ सालमा भएका दुईओटा निर्वाचन पनि सोही नीतिअनुसार काम गरेर देखाइसकेका छौं । अब दल र दलका उम्मेदवारले गर्ने खर्चको हकमा पनि कडाइका साथ सीमा तोक्छौं ।' उम्मेदवारले गर्ने खर्चको सवालमा उम्मेदवारको भूगोल र निर्वाचन क्षेत्रको मतदाताको संख्याको आधारमा खर्च गर्न दिने गरिएको भण्डारीको भनाइ छ । *रासस*

बुटवलमा आजदेखि राष्ट्रिय औद्योगिक प्रदर्शनी

लुम्बिनी । रूपन्देही उद्योग संघको आयोजनामा बुटवलमा १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ आज (बिहीवार)देखि शुरू हुँदैछ । बुटवलस्थित बुटवल मण्डपमा निर्माणाधीन अन्तरराष्ट्रिय प्रदर्शनी केन्द्रमा आयोजना हुन लागेको प्रदर्शनीमा विभिन्न प्रकृतिका पाँच सयओटा स्टल रहनेछन् ।

प्रदर्शनीमा ३९ जिल्लाबाट सहभागिता रहेको छ । प्रदर्शनीको अघिल्लो दिन बुधवार औद्योगिक जनचेतना ऱ्याली निकालिएको छ । प्रदर्शनीस्थल बुटवल मण्डपबाट शुरू भएको ऱ्यालीमा जातजाति, वेषभूषा, विद्यालय, धार्मिक, टोल विकास समिति, उद्योग आदि गरी ५२ संघसंस्थाको सहभागिता रहेको थियो ।

ऱ्यालीमा सहभागी र पुरस्कृतहरूलाई बुटवल उपमहानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेले प्रमाणपत्र वितरण गरेका थिए । उनले प्रदर्शनीलाई सबै मिलेर सफल बनाउनुपर्ने बताए ।

प्रदर्शनीमा औद्योगिक प्रविधि, उद्योग प्रविधि, रेष्टुरेन्ट, कृषि, हस्तकला, फ्लोरिकल्चर, गार्मेन्ट, बेकरी तथा कन्फेक्सनरी, छालाजुत्ता, खाद्यान्न, आइटी लगायतका गरी पाँच सय स्टल रहने प्रचारप्रसार संयोजक किरण खरेलले जानकारी दिए ।

प्रदर्शनीमा प्रविधिबारे जानकारी दिने, उद्योगी र उपभोक्ताको सोझो सम्पर्कको स्थापना गर्ने, उत्पादित वस्तुको बजार प्रवर्द्धन र गुणात्मक प्रतिस्पर्धाको विकास गर्ने, उद्योगीका बीचमा समस्या, अवसर र चुनौतीबारे अन्तरक्रिया गर्ने, सूचना र प्रविधिको विकास, विस्तार र आदानप्रदान गर्ने, पर्यटन क्षेत्रको विकास, सान्दर्भिक गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने, अवलोकनकर्ता र उपभोक्ताको सुझावको संकलन गरिने सचिव तथा परिचयपत्र उपसमिति संयोजक अशोक कुँवरले जानकारी दिए । *रासस*

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, लाहान शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०९/०३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८० साल चैत्र महिना ०७ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल मंसिर महिना १३ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** तथा **मिति २०८१ साल फाल्गुन महिना ०१ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा लाहान शाखामा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीहरूको नाम र ठेगानाः	
१.	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लाहान, सिरहामा प्रा.फ.र.न. १६४७/०६७/०६८ कायम भई मिति २०६७/०९/१६ मा दर्ता भएको सिरहा जिल्ला, असनपुर गा.वि.स/न.पा. वडा नं. ७ स्थित **रविना भाडा पसल** ।
२.	खवर साहु सोनारको छोरी, सुवनारायण साह सोनारको श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **राम कुमैर सोनार्नी....१** र रामप्रसाद साह सोनारको नाती, सुवनारायण साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **धीरेन्द्र साह सोनार....१** समेत २ जना ।
ऋणी १ को लागि व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगानाः	
१.	रामप्रसाद साह सोनारको नाती, सुवनारायण साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **धीरेन्द्र साह सोनार** ।
२.	कामेश्वर साहको छोरी, राजेन्द्र कुमार साह सोनारको श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **गुन्जा कुमारी साह** ।
३.	सत्य नारायण साह सोनारको छोरी, धीरेन्द्र साह सोनारको श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **मिलन कुमारी साह** ।
४.	रामप्रसाद साह सोनारको नाती, सुवनारायण साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **राजेन्द्र कुमार साह सोनार** ।
५.	मुनर साह सोनारको नाती, रामप्रसाद साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **सुवनारायण साह सोनार** ।
६.	खवर साह सोनारको छोरी, सुवनारायण साह सोनारको श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **राम कुमैर सोनार्नी** ।
ऋणी २ को लागि व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगानाः	
१.	मुनर साह सोनारको नाती, रामप्रसाद साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **सुवनारायण साह सोनार** ।
२.	सत्य नारायण साह सोनारको छोरी, धीरेन्द्र साह सोनारको श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **मिलन कुमारी साह** ।
३.	कामेश्वर साहको छोरी, राजेन्द्र कुमार साह सोनारको श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **गुन्जा कुमारी साह** ।
४.	रामप्रसाद साह सोनारको नाती, सुवनारायण साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने **राजेन्द्र कुमार साह सोनार** ।
ऋणी २ को लागि सस्थागत जमानतकर्ताको नाम र ठेगानाः	
प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. १२१८१/२०७७/०७८, स्थानीय व्यापार कायम भई मिति २०७७/०५/१६ मा दर्ता भएको सिरहा जिल्ला, असनपुर गा.वि.स/उ.म.न.पा/ न.पा. वडा नं. ७ स्थित **रितिका जेनरल स्टोर** ।	
ऋणी १ को लागि धितो सुरक्षणको विवरणः	
सुवनारायाण साह सोनारको नाममा मालपोत कार्यालय सिराहा, लाहानमा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स/न.पा वडा नं. ८/क को कित्ता नं. १४१२ को ०-६-१४ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	
ऋणी १ र २ को लागि धितो सुरक्षणको विवरणः	
राम कुमैर सोनार्नीको नाममा मालपोत कार्यालय सिराहा, लाहानमा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७/क को कित्ता नं. ५१८७ को ०-०-६ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा लाहान शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा लाहान शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै व्याज रकम प्रदान गरिने छैन)
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८२ साल पौष महिना ०९ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल पौष महिना १३ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको २:३० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

Tender Notice

Published Date: 2025/12/18

Nepal Life Insurance Company Limited requires Office Uniforms for its employees, interested and registered firms/companies are invited to submit sealed tenders within 15 days from the date of this notice, within office hours (before 4:30 PM), at the General Service Department, Corporate Office, Kamaladi, Kathmandu, as per the details mentioned below.
If the last submission day happens to be a public holiday, the tender must be registered by 4:30 PM on the next working day.

Required Documents :

- Application Letter
- PAN Certificate, Latest Tax Clearance , Company Registration
- Experience Letter (If Any)
- Anti Money Laundering Self Declaration

Other Terms & Information :

- The sealed tender must compulsorily include the deposit voucher of NPR 1,000/- (Non Refundable) deposited into Nepal Life Insurance Company Limited's account at Citizens Bank Ltd., Account No.: 001010000185201.
- The company reserves the full right to accept or reject the procurement of the goods or services, whether fully or partially.
- For complete details and specifications of the uniform, please collect the Uniform Specification Form from the Corporate Office (General Service Department) and based on the details, sealed quotation along with sample shall be submitted to the corporate office within the 15 days time period.

Mandatory Vendor Registration (KYV):

All vendors, firms, or companies submitting their documents physically are required to mandatorily fill out the Know Your Vendor (KYV) form.

- Upon physical submission of documents, the vendor will receive an email containing the KYV link and a unique Registration (Darta) Number.
- This registration number must be entered accurately in the KYV form.
- Vendors are advised to carefully review the received email for correct details.

Failure to submit the KYV form within the tender notice period will result in automatic disqualification from the tender listing process. However, if the KYV form has already been submitted during the Suchi Darta process, vendors are not required to resubmit it. The previously submitted KYV will be considered valid for this tender.

NEPALLIFE INSURANCE

Nepal Life Insurance Co. Ltd.
Registered Office: Birgunj, Parsa
Corporate Office: Kamaladi, KTM
Contact Number: 01-5970592 Ext 7153
Email: gsd@nepallife.com.np

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, बुटवल शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०९/०३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल कात्तिक महिना २१ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल भदौ महिना १२** गतेको **"आर्थिक" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** तथा **मिति २०८२ साल कात्तिक महिना ११ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.स	**ऋणीहरूको नाम र ठेगाना :**
१.	**ऋणी १ :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, रूपन्देहीमा प्रा.फ.र.नं. ४२१६६/०७४, स्थानीय व्यापार कायम भई मिति २०७५/०१/१३ मा दर्ता भएको रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०९ स्थित **जे एस इलेक्ट्रिकल्स** ।
२.	**ऋणी २ :** पदम बहादुर कार्कीको नाति, तिल बहादुर कार्की क्षेत्रीको छोरा, रूपन्देही जिल्ला मकहर गा.वि.स वडा नं. ०६ बस्ने **जितेन्द्र कार्की** ।
ऋणी १ को व्यक्तिगत जमानतकर्ताहरूको विवरण :	
१.	पदम बहादुर कार्कीको नाति, तिल बहादुर कार्की क्षेत्रीको छोरा, रूपन्देही जिल्ला मकहर गा.वि.स वडा नं. ०६ बस्ने **जितेन्द्र कार्की** ।
२.	श्याम बहादुर सिंह ठकुरीकी छोरी, जितेन्द्र कार्कीकी श्रीमती, रूपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. ११ बस्ने **सुमित्रा कार्की** ।
ऋणी २ को व्यक्तिगत/संस्थामत जमानतकर्ताहरूको विवरण :	
१.	श्याम बहादुर सिंह ठकुरीकी छोरी, जितेन्द्र कार्कीकी श्रीमती, रूपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. ११ बस्ने **सुमित्रा कार्की** ।
२.	नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, रूपन्देहीमा प्रा.फ.र.नं. ४२१६६/०७४, स्थानीय व्यापार कायम भई मिति २०७५/०१/१३ मा दर्ता भएको रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०९ स्थित **जे एस इलेक्ट्रिकल्स** ।
ऋणी १ र २ को धितो सुरक्षण विवरण :	
१.	**जितेन्द्र कार्की**को नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला, मक्रहर गा.वि.स./न.पा वडा नं. ६ स्थित नक्सा सिट.नं. ६क को कित्ता नं. २२०० को ०-५-१२ (वि.क.धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा बुटवल शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने ट